जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ 
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक ३७ २०८१ साल भदौं १४ गते शुक्रबार (30 Aug. 2024 Friday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'नेपाली मोडेल' मा सरकारका.. ३ पृष्ठमा : तीन तहका सरकारबीचको ... ३ पृष्ठमा :गुजरातमा मनसुनी बाढीका...

# चोरी शिकारीमा पूर्वडिआइजी, पूर्वउपसभामुखका छोरा, बहालवाला सईसहित १० जना पक्राउ












**दैनिक समाचारदाता**
**राजविराज, १३ भदौ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ कोशी ब्यारेज पलार क्षेत्रमा बुधबार मध्यराती चोरी शिकारीमा नेपाल प्रहरीका पूर्वडिआइजी, पूर्वउपसभामुखका छोरा, बहालवाला सइसहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार बुधबार राती २ बजेतिर कोशी ब्यारेज पलार क्षेत्रबाट अवैध रुपमा बँदेल मारेर फर्किंदै गर्दा हतियारसहित ती १० जना पक्राउ परेका हुन् ।

पक्राउ पर्नेमा नेपाल प्रहरीका पूर्वडिआइजी सुनसरीको इटहरी उपमहानगरपालिका २ का ६१ वर्षिय ज्ञान बिक्रम शाह, पूर्वउपसभामुख सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका जोगिनियाँ निवासी गंगाप्रसाद यादवका ४० वर्षिय छोरा आकाश यादव, नेपाल प्रहरीका बहालवाला सई बिराटनगर उपमहानगरपालिका ३ निवासी ३९ वर्षिय संजय न्यौपाने छन् । सई न्यौपाने हाल मधेश प्रदेशको बर्दिवास प्रहरी कार्यालयमा कार्यरत छन् ।

यस्तै हनुमाननगर कंकालिनी नगरपालिकाका जनार्दन राउत, ओमशंकर प्रसैला, लक्ष्मण मंडल, शंकर खिडहरी यादव, तिरहुत गाउँपालिकाका लक्ष्मी मंडल, राजविराज नगरपालिका ७ का रबिन दास र सुनसरीको इटहरी उपमहानगरपालिका २ का प्रदिप लिम्बु पनि पक्राउ परेका छन् ।

उनीहरुको साथबाट २२ क्यालिबरको राइफल एक थान, राइफलको म्यागिजन २ थान, सोमा प्रयोग हुने गोली १५ थान, बाइनाकुलर ३ थान, ट्राइपोर्टर एक थान, फलामको हथौडा एक थान, खुर्पा एक थान, चोरी शिकारी गरी मारिएको बँदेल लोड गरिएको को.२त. ६९ नम्बरको ट्याक्टर तथा प्रदेश-३-०१-०२२च.६८५५ नम्बरको स्कारपियो बरामद भएको प्रहरी उपरिक्षक

***बाँकी अन्तिम पृष्ठमा***

## दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहोर पानीको प्रयोगले झाडापखाला, हैजा, टाइफाईड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधैं नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।
- भाँडाहरु सफा पानीले पखालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिबी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

## सम्पादकीय

### सावधानीपूर्वक सवारी चलाऔं

सवारीसाधन चलाउदा आफै सचेत भए सम्भावित दुर्घटनाबाट थोरै भएपनि बच्न सकिन्छ । हुनत दुर्घटना भने कै भवितब्य हो । दुर्घटना कहिले कसरी हुन्छ भन्ने कुरा कसैले बुझेको हुँदैन् । सचेत नभएर सवारी चलाउँदा दुर्घटना हुने जोखिम बढी हुन्छ । कुनै पनि सवारीसाधन चलाउँदा जहिले पनि आफै सचेत हुनु पर्छ । सप्तरीमा सडक दुर्घटनाको तथ्याङ्क उकालो लाग्दै गएको छ ।

दुर्घटना हुने अनेकौं कारण हुन सक्छ । कहिलेकाही बाटोघाँटोको समस्याले पनि हुने गर्दछ । यता दुर्घटना हुने बित्तिकै जहिले पनि चालककै लापरवाहीलाई बुझ्ने गरिन्छ । यी बाहेक बढी सवारी दुर्घटना अत्याधिक गतिका साथै मोवाइलमा कुरा गर्दै तथा मादक पदार्थ सेवन गरि चलाउने गरेको पाइएको छ । बढी गतिमा सवारी चलाउने कारणले उक्त दुर्घटना हुने गरेको पाइएको छ । कहिले काँही आफू सचेत रहँदा रहँदै पनि अचानक दुर्घटना हुन पुग्छ । हुनत जिल्लाका सडकहरुको अवस्था पनि दयनिय नै छ । जसले गर्दा दुर्घटना हुने सम्भावना समेत बढेर गएको छ ।

सावधानीपूर्वक सवारीसाधन चलाउनु नै दुर्घटनाबाट बच्न सकिने एउटा उत्तम माध्यम हो । तसर्थ सवारीको गति नियन्त्रणदेखी लिएर आफ्नो साइडमा चलाउन सकिए दुर्घटनालाई न्युनिकरण गर्न सकिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'नेपाली मोडेल' मा सरकारका उपलब्धिहरू

**सिद्धराज राई**

काठमाडौं, १३ भदौ (रासस) ।

जब देशमा सरकार र राजनीतिक दलप्रति जनस्तरबाट तीव्र आलोचना हुन थाल्छ, तब देशमा ठूला राजनीतिक दलहरूको एकता बलियो बन्दै गएको नेपालको इतिहास साक्षी छ । यस्तो एकताले देशलाई सधैं सही दिशामा डोऱ्याएको छ । जनतामा आशा र भरोसा जागृत हुने गरेको छ । २००७ सालको राणा शासनविरोधी सशस्त्र आन्दोलन, २०४६ सालको पञ्चायतविरुद्धको जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलन ठूला राजनीतिक दलहरूको संयुक्त सहभागितामा सम्पन्न भएको र सफलता प्राप्त भएको कुरा छर्लङ्ग छ । त्यस्तै, नेपालको संविधान २०७२ जारी गर्ने कार्य पनि ठूला राजनीतिक दलहरूको सहकार्यकै आधारमा सम्भव भएको कुरा हामीले बिर्सन मिल्दैन ।

विसं २०७९ मा सम्पन्न संसदीय निर्वाचनमा कुनै पनि दलले एकल बहुमत प्राप्त गर्न नसकेको पृष्ठभूमिमा त्यसपछिका सरकारहरू गठबन्धनका आधारमा सञ्चालित छन् । यसै शृङ्खलास्वरुप गत असार १७ गते नेपालको सत्ता राजनीतिमा पुनः नयाँ गठबन्धनको निर्माण हुने अवस्था बन्यो । नेपालका दुई ठूला राजनीतिक दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच सत्ता सहकार्यको सहमति भयो । त्यही सहमतिअनुसार एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बन्नुभएको छ । आवश्यकताका आधारमा संविधान संशोधन र अन्य विविध विषयमा सहकार्य गर्ने सहमतिसहित सत्ता सहकार्य सुरु भएको करिब डेढ महिना भएको छ । सत्ता सहकार्यको यो अवधि कुनै विशेष परिणाम प्राप्तिको मूल्याङ्कन गरिहाल्ने उपयुक्त समय त होइन । तर यस बीचमा भए गरेका केही कार्यले सुखद भविष्यप्रति आशा भने जगाएका छन् । निराशामा पुगिरहेका नागरिकहरूका लागि यो कार्य महत्वपूर्ण छ । सरकार बनेपछि केही सकारात्मक कार्य भएका अनुभूति भने गर्न सकिन्छ ।

वर्तमान सरकारले गरेको एउटा महत्वपूर्ण कामको रूपमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सङ्घीय संसद्बाट पारित हुनुलाई मान्न सकिन्छ । धेरै वर्षदेखि छलफलमा रहेको तर नटुङ्गिएको यस विषयमा प्रमुख राजनीतिक दलबीच सहमति जुटाउन सक्नु सरकारको गतिलो उपलब्धि हो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्बाट पारित भएपछि निकै लामो समयदेखि थाँतीमा रहेको शान्ति प्रक्रिया एउटा तार्किक निष्कर्षमा पुग्ने विश्वास गर्न सकिन्छ । शान्ति स्थापनाको यो प्रक्रिया 'नेपाली मोडेल'का रूपमा विश्वभरि नै प्रशंसित भएको छ । यो विधेयक पारित भएसँगै विगतमा आफूहरू अन्यायमा परेको अनुभव गरेकालाई न्यायको आशा पलाउने निश्चित छ । शान्ति सम्झौता भएको झन्डै दुई दशकसम्म पनि उक्त ऐनको अभावमा सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढेको थियो । आन्तरिक रूपमा पनि तत्कालीन नेकपा माओवादी र सरकारी पक्षबाट भएका जघन्य अपराधका पीडितले न्याय पाउन सकेका छैनन् ।

यो विधेयक पारित भएपछि पीडित परिवार र व्यक्तिले न्याय पाउँछन् भन्ने विश्वास गर्न सकिन्छ । राष्ट्रियसभा र प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक अब प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत हुनेछ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि ऐनका रूपमा कार्यान्वयनमा जानेछ । बर्तमान सरकारले सशस्त्र द्वन्द्वमा पीडित परिवार र व्यक्तिलाई थोरै भए पनि आत्मसम्मान दिने कार्य गरेको छ । राजनीतिक सहमति जुट्न नसक्दा अल्मलिएको यो विधेयक पारित गर्न सत्ता साझेदार दल र प्रमुख प्रतिपक्षी दलसँगै संसद्मा रहेका सबै दललाई सहमति गराउन सक्नु सरकारको उपलब्धिका रूपमा लिन सकिन्छ ।

त्यस्तै, विगत तीन वर्षदेखि ओरालो लागेको शेयर बजार उकालो लागेको छ । अर्थात् शेयर बजारमा कारोबार उच्च बन्दै गएको छ । हरेक दिन शेयर बजारले नयाँ कीर्तिमान कायम गर्दै आएको छ । दुईहजार भन्दा तल रहेको शेयर बजार तीन हजार दुई सयको बिन्दुमा पुगेको छ । दैनिक अरबौंको कारोबार भएको छ । यो शेयर बजार घटेर निरास भएका लाखौं लगानीकर्ताका लागि खुसीको कुरा हो । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको भनाइमा गत आर्थिक वर्षको साउन महिनामा सङ्कलन भएको राजस्वको तुलनामा चालु आर्थिक वर्षको साउन महिनाको राजस्व २० प्रतिशतले बढेको छ । पुँजीगत खर्च गत वर्षको तुलनामा नौ गुणाले बढेको छ । पुँजीगत खर्च बढ्नु भनेको कर्मचारी प्रशासनको मनोवल उच्च हुनु हो ।

यस्तै घरजग्गा कारोबारको क्षेत्रमा पनि उल्लेख्य सुधारका सङ्केतहरू देखिएका छन् । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार राजस्व ३१.७७ प्रतिशतले बढेको छर । गत आर्थिक वर्षको साउनमा घरजग्गा कारोबारबाट रु दुई अर्ब ९१ करोड रुपैयाँ राजस्व उठेको थियोर । यस वर्षको साउनमा तीन अर्ब ८३ करोड रुपैयाँ राजस्व उठेको विभागले जनाएको छर । आन्तरिक राजस्व बढ्नलाई अर्थतन्त्र चलायमान हुन थालेको सङ्केतका रूपमा लिन सकिन्छ । निश्चय पनि यो सफलता सरकारप्रतिको विश्वास र भरोसाको सूचक हो ।

नेपालको प्रशासनिक इतिहासमा लिलादेवी गडतौला पहिलो महिला मुख्यसचिव हुनुभएको छ । वर्तमान सरकारले कायममुकायम मुख्यसचिव रहनुभएकी गड्तौलालाई साउन १० गतेको मन्त्रिपरिषद् बैठकबाट मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेको थियो । यो निर्णय लैङ्गिक समानताको हिसाबले र समग्र नेपाली महिलाप्रतिको सम्मान हो । निजामती प्रशासनमा यो निर्णयले युगान्तकारी अर्थ राख्नेछ । निजामती प्रशासनमा प्रवेश गर्ने हरेक कर्मचारी महिलाको मनोबल उच्च बनाउन र लक्ष्य निर्धारण गर्न गड्तौलालाई मुख्यसचिवमा नियुक्त गर्ने निर्णयले अर्थ राख्दछ । राजनीतिमा महिला सहभागिता बढ्दै जानु र सरकारको यो निर्णयसँगै निजामति प्रशासनमा पनि महिला सहभागिता निर्णायक अवस्थामा पुगेको अनुभूति गर्न सकिन्छ । यस अगाडि नै नेपालमा पहिलो राष्ट्रपति विद्यादेवी भण्डारी, पहिलो सभामुख ओनसरी घर्ती र सर्वोच्च अदालतको मुख्य न्यायाधीशमा सुशीला कार्की नियुक्त भई अवकाश पाइसक्नुभएको छ । हेर्दा यी काम सामान्य र स्वाभाविकजस्ता लागे पनि नेपालको सामाजिक न्याय र समानताको हिसाबले महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

युवादेखि ज्येष्ठ नागरिकसम्मको रोजाइमा रहेको 'टिकटक'मा विगतको सरकारले प्रतिबन्ध लगाएको थियो । सामाजिक मर्यादामा खलल पुगेको भन्दै विगतमा सरकारले नियमनका नाममा सामाजिक सञ्जालमाथि नियन्त्रणको अभ्यास गरेको स्पष्ट छ । यस्तोमा आम जनताको आवाजलाई सम्बोधन गर्दै सरकारले यही भदौ ५ गतेको मन्त्रिपरिषद्को निर्णयबाट टिकटक सञ्चालन फुकुवा गरेको थियो । आम जनताको अर्थोपार्जनको अवसरसँग समेत जोडिएको यो निर्णयले लाखौं युवाको अनुहारमा उज्यालो छाएको सहजै बोध गर्न सकिन्छ । नौ महिना अगाडिदेखि प्रतिबन्ध लगाइएको टिकटक कम्पनीले नेपाल सरकारको सामाजिक सञ्जाल सञ्चालन निर्देशिकाअनुसार दर्ता हुन सहमति जनाएपछि प्रतिबन्ध फुकुवा गरिएको सरकारले प्रस्ट गरेको छ । टिकटकमा प्रयोग हुने भाषाको नियमनका लागि अधिकारी तोक्ने, नेपालको पर्यटन र 'डिजिटल' शिक्षा तथा सुरक्षामा सहयोग गर्नुपर्नेलगायत विषयमा टिकटक सञ्चालकले सहमति जनाएका छन् । साथै, टिकटक सञ्चालक कम्पनी नेपाल सरकारको करको दायरामा समेत आएको छ । यो विषय अझै दूरसञ्चार प्राधिकरणबाट टुङ्गो लाग्न भने बाँकी नै छ ।

यसैगरी, फेसबुक, ह्वाट्एप, इन्स्ट्राग्रामलगायत सामाजिक सञ्जालहरूलाई पनि नेपालको पर्यटन र डिजिटल शिक्षा तथा सुरक्षामा सहयोग गर्नेगरी दर्ता प्रक्रियामा लैजाने निर्णय सरकारले गरेको छ । लाखौं युवाले आम्दानीको स्रोतका रूपमा उपयोग गरिरहेको र राज्यलाई पनि राजस्व सङ्कलनमा उल्लेख्य सहयोग पुग्ने भएकाले सरकारको यस निर्णयलाई धेरैले स्वागत गरेका छन् ।

यी त भए धेरै ठूलो समुदायलाई प्रभाव पार्ने निर्णयहरू । यी निर्णयले नागरिकमा के प्रभाव पार्छ भनेर परिणाम हेर्न बाँकी नै छ । यसका साथै ठूला दलहरूको सत्ता सहकार्यले अन्तर्राष्ट्रिय सम्बन्धमा समेत सुधारको अपेक्षा गरिएको छ । बर्तमान सरकार सबै छिमेकी देशसँग सुमधुर सम्बन्धको पक्षमा रहेको देखिन्छ । सरकार बनेपछि प्रधानमन्त्री र अन्य मन्त्रीहरूको सन्तुलित विचारले छिमेकी देशसँगको सम्बन्ध सुधारको प्रयासमा रहेको बुझ्न सकिन्छ । *(लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)*

# जापानले ४२ करोड बराबरको छात्रवृत्ति अनुदान उपलब्ध गराउने

काठमाडौं, १३ भदौ (रासस) ।

जापान सरकारले मानव संसाधन विकास छात्रवृत्ति (जेडिएस) परियोजनाअन्तर्गत नेपाल सरकारलाई करिब रु ४२ करोड ३० लाख (४५ करोड ४० लाख जापानी येन) बराबरको अनुदान सहायता उपलब्ध गराउने भएको छ ।

यससम्बन्धी सम्झौतापत्रमा नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरे र जापान सरकारका तर्फबाट नेपालका लागि जापानी राजदूत किकुता युताकाले नोट आदानप्रदान पत्रमा हस्ताक्षर गर्नुभयो ।

उक्त छात्रवृत्ति कार्यक्रमअन्तर्गत नेपाल सरकारका प्रतिस्पर्धी युवा अधिकृत कर्मचारीहरूले जापानका विभिन्न विश्वविद्यालयमा दुई वर्षको स्नातकोत्तर (मास्टर्स) तह तथा तीन वर्षको विद्यावारिधि (पीएचडी) तहमा अध्ययन गर्ने अवसर प्राप्त गर्नेछन् । सन् २०१६ देखि उपलब्ध हुँदै आएको उक्त छात्रवृत्ति कार्यक्रमअन्तर्गत यसअघि एक सय ६५ विद्यार्थीले उच्च शिक्षा हासिल गरेका छन्भने नयाँ सम्झौताअन्तर्गत थप २२ विद्यार्थीले अध्ययनका लागि छात्रवृत्ति प्राप्त गर्नेछन् ।

हस्ताक्षर समारोहमा अर्थमन्त्रालयका सचिव डा घिमिरेले छात्रवृत्ति कार्यक्रमले नेपालको निजामती सेवाको क्षमता अभिवृद्धि गर्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रसेवक कर्मचारीले हासिल गरेको ज्ञान र सीपले सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउनाका साथै नेपालको सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउने उल्लेख गर्दै उहाँले नेपाल र जापानबीचको द्विपक्षीय सम्बन्धलाई सुदृढ तुल्याउन योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

राजदूत युताकाले जेडिएस स्नातकहरूले नेपालको विकासमा महत्वपूर्ण प्रभाव पार्ने र दुई देशबीचको लामो समयदेखिको सहयोगात्मक सम्बन्धलाई अझ प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभयो । हस्ताक्षर समारोहमा अर्थ मन्त्रालयका अधिकारी, काठमाडौंस्थित जापानी राजदूतावास र जाइका नेपालका अधिकारीको पनि उपस्थिति थियो ।

# तीन तहका सरकारबीचको समन्वयले गुणस्तरीय शिक्षालाई स्थापित गर्न सकिन्छ : शिक्षा मन्त्री

काठमाडौँ, १३ भदौ (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले तीनै सरकारबीच समन्वय हुन सकेमा गुणस्तीरय शिक्षालाई स्थापित गर्न सकिने बताउनुभएको छ। बिहीबारको प्रतिनिधिसभाको आकस्मिक, शून्य र विशेष समयमा उठेका विषयहरूको सन्दर्भमा बोल्दै उहाँले गुणस्तरको सूचकमा धेरै काम गर्न आवश्यक रहेको बताउनुभयो।

उहाँका अनुसार नर्सिङ शिक्षा, शिक्षा आयोगले सिटिइभिटी २०४५ कै कानुनमा आधारित भएर सञ्चालन भइरहेको छ। "यो कानुन एकीकृत गर्न मस्यौदा तयार भएको छ। प्राविधिक शिक्षालाई प्राथमिकता दिने, नर्सिङ शिक्षालाई व्यवस्थित गर्ने तयारी गरिरहेका छौँ," मन्त्री भट्टराइले भन्नुभयो, "मेडिकल शिक्षामा कोटा बढाउने विषयमा छलफल भइरहेको छ।"

सबै सरकारको लगानीबाट अनिवार्य र निःशुल्क शिक्षा लागू गर्नुपर्ने र नेपालका सबै जिल्लालाई साक्षरता बनाउन गुणस्तरीय शिक्षाको पहुँच आवश्यक रहेको उहाँको भनाइ छ। विद्यार्थीहरूमा पुस्तक नपुगेको विषयमा ध्यानाकर्षण भएको भन्दै उहाँले यस विषयमा जनक शिक्षा तथा पुस्तक वितरकहरूसँग के भएको भन्ने विषयमा बुझ्ने बताउनुभयो। प्रारम्भिक बाल विकासलाई पनि बढुवा दिने, विद्यालय शिक्षा ऐनलाई चाँडो पारित गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

"शिक्षा सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षाबाट प्रधानाध्यापकको नियुक्ति गरिने विषय पनि शिक्षा ऐन संशोधन भएमा सहज हुनेछ," मन्त्री भट्टराईले भन्नुभयो, "विश्वविद्यालयभित्र विभिन्न समस्या छन्। स्वायत्त ढङ्गले सञ्चालन गर्नुपर्छ। शिक्षा आयोगलाई स्वच्छ बनाउन जरुरी रहेको छ। थप दरबन्दीको व्यवस्थापनको माग गर्ने निष्कर्ष निकालेका छौं।"

उहाँका अनुसार सरकारले करियर काउन्सिल कार्यक्रम यसैबाट सञ्चालनमा आउने छ। सबै तहका सरकारले गम्भीर आत्मसमीक्षा गर्दै सिकाइका लागि थप प्रभावकारी योजना बनाउनुपर्छ। विद्यालयमा विभिन्न सुविधाको व्यवस्था, तालिम तथा शिक्षाको गुणस्तरमा सुधार ल्याउन सकेमा मात्रै सामुदायिक विद्यालयहरूमा पनि विद्यार्थीको आकर्षण बढ्दै जाने उहाँको भनाइ छ।

उहाँले निःशुल्क शिक्षा ऐन लागू गर्नेगरी अगाडि बढेमा विद्यालयको शैक्षिक अवस्थामा सुधार ल्याउन सकिने बताउनुभएको छ। "शिक्षामा लगानी गर्ने निजी क्षेत्रलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल भइसकेको छ," मन्त्री भट्टराईले भन्नुभयो, "पुरातन शिक्षा प्रणालीले गर्दा समस्या छ, आधारभूत शिक्षामा सुधारको खाँचो छ।"


## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**सुरुङ्गा नगरपालिका, सप्तरी**



**श्री भगवती आधारभूत विद्यालय**
दुर्गापुर, सप्तरी
महादेवा गाउँपालिका-५
मधेश प्रदेश, नेपाल
स्था : २०४७

Emis Code : 150180002

पत्र संख्याः-२०८१/८२
चलानी नंम्बरः- ११

मितिः२०८१/०५/१२ गते

विषय : बालविकास शिक्षक ( स.का.) विज्ञापन सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा महादेवा गाउँपालिका बथनाहा , सप्तरीको मिति २०८१/५/९गतेको च.न.११४ तथा यस विद्यालयको मिति २०८१/५/१२गतेको वि.व्य.स.बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको बालविकास शिक्षक ( स.का.) पदपूर्तिका लागि शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८१ को अधिनमा रही आवश्यक योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट दरखास्त आहवान गरिन्छ।

तपसिल :

विज्ञापन : ०१-०८१/८२

१.पद : बालविकास शिक्षक ( स.का.)
२.शैक्षिक योग्यता : See वा सो सरह।
३.दरखास्त दस्तुर : रु १०००। एक हजार मात्र।
४.उमेर : १८ वर्ष पुरा भएको तथा ४० वर्ष ननाघेको।
५. परीक्षाको किसिम : लिखित तथा मौखित।
६. तलव स्केल : नेपाल सरकारको नियम अनुसार।
७. दरखास्त बुझाउने : विद्यालय समयभित्र।
८.पाठ्यक्रम : शिक्षक तथा विद्यालय कर्मचारी कार्यविधि २०८१ अनुसार।

आवश्यक कागजातहरु :

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि २
२.शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु २
३. हस्त लिखित निवेदन १
४. राजस्व दस्तुर : रसिद /भौचर १
५. पासपोर्ट साइजको फोटो २

दरखास्त दिने अन्तिम मिति : २०८१/५/२६गते कार्यालय समय भित्र।
सम्पर्क मिति :२०८१/५/२७ गते
सम्पर्क नं. : प्र.अ.९८१५७३९५२४

राम कृपाल पंडित
प्रधानाध्यापक
प्रधानाध्यापक


## विश्व समाचार

### गुजरातमा मनसुनी बाढीका कारण २८ जनाको मृत्यु

अहमदाबाद, भारत, १३ भदौ (रासस/एएफपी)।

भारतको गुजरात राज्यमा भारी मनसुनी वर्षाले निम्त्याएको बाढीका कारण विगत तीन दिनमा कम्तीमा २८ जनाको मृत्यु भएको छ। मौसम विभागले पश्चिमी तटीय राज्यमा बिहीबार थप भारी वर्षा हुने चेतावनीसमेत दिएको छ।

भारी बर्षाका कारण नदीको बहावहरू बढेका छन् भने नदी नजिक बसोबास रहेका ३० हजार भन्दा बढी मानिसहरू घर छोडेर सुरक्षित स्थानमा स्थानान्तरण भएका छन्। गुजरात सरकारले बुधबार १३ जनाको बाढीमा डुबेर मृत्यु भएको तथा बाँकीको घर वा रूखहरूले पुरिएर मृत्यु भएको जनाएको छ।

इन्डियन एक्सप्रेसले राज्यभरी समाचार तयार पार्दासम्म बाढीका कारण ३५ जनाको मृत्यु भएको उल्लेख गरेको छ। स्रोतका अनुसार विपद्‌बाट करिब एक हजार ८५६ जनालाई उद्धार गरिएको तथा राहत कार्यका लागि सेनाका अधिकारीहरू तैनाथ गरिएको छ।

विपत्‌का कारण उर्जा तथा विधुत सेवा प्रभावित हुँदा करीब एक हजार गाउँहरू विद्युतविहीन भएको जनाइएको छ। विपद् अधिकारीहरूले सार्वजनिक गरेको तस्विर तथा भिडियोमा उनीहरूले बाढीमा फसेका मानिसहरूलाई बचाउनका लागि प्रयास गरिरहेको देखाइएको छ। विज्ञहरूदले जलवायु परिवर्तनले मौसमको ढाँचा परिवर्तन गर्दा चरम मौसम दुर्घटनाको सङ्ख्या बढाइरहेको जनाएका छन्।

### जलवायु परिवर्तनले चक्रवात वृद्धि : अध्ययन

बैंकक, १३ भदौ (रासस/एएफपी)।

जलवायु परिवर्तनले चक्रवात गेमीको हावा र वर्षालाई थप शक्तिशाली बनाएकाले यस वर्षको सुरुमा फिलिपिन्स, ताइवानलगायत मुख्यभूमि चीनमा दर्जनौं मानिसहरूको ज्यान लिएको मौसमविद्हरूले बिहीबार जनाएका छन्। गेमीले गत जुलाईमा फिलिपिन्समा बाढी र पहिरो निम्त्याउँदा कम्तिमा ४० जनाको ज्यान लिई ताइवान र चीनमा अवतरण भएको थियो।

चीनमा, मौसम प्रणालीका कारण भएको भारी वर्षाले ५० जनाको ज्यान लिनुका साथै तीन लाखलाई विस्थापित गरेको अधिकारीहरूले बताएका छन्। मौसमी घटनाहरूमा जलवायु परिवर्तनको भूमिकाको मूल्याङ्कन गर्न सहकर्मी-समीक्षा विधि को नेतृत्व गर्ने वर्ल्ड वेदर एट्रिव्युसन (डब्ल्युडब्लुए) ले चक्रवातबाट बढी प्रभावित फिलिपिन्स, ताइवान र चीनको अनुगमन गरेको छ।

डब्ल्युडब्लुएले मानव निर्मित जलवायु परिवर्तनका कारणले हावाको गति सात प्रतिशत वृद्धि भएको तथा वर्षा पनि बढेको निश्कर्ष निकालेको थियो। 'इम्पेरियल कलेज लन्डन'को 'ग्रान्थम इन्स्टिच्युट-क्लाइमेट चेन्ज एन्ड द इन्भाइरनमेन्ट'का निर्देशक राल्फ तौमीललाई उद्‌धृत गर्दै अध्ययनले तातो समुद्र र वातावरणले अधिक शक्तिशाली र लामो समयसम्म टिक्ने र घातक चक्रवातलाई जन्म दिइरहेको जनाएको छ।

मौसमसम्बन्धी अनुसन्धानकर्ताहरूले इम्पेरियल कलेज लन्डनद्वारा विकसित नयाँ दृष्टिकोणको प्रयोग गरी उष्ण आँधीबेहरीका सम्बन्धमा अध्ययन गरिएको थियो। यो विधिले उष्णकटिबन्धीय चक्रवातलाई पार गर्न कम्प्युटर मोडलिङ प्रयोग गर्दछ।एसिया-प्रशान्त क्षेत्रले लामो समयदेखि चक्रवातसँग जुधिरहेको बेला, वैज्ञानिकहरूले 'चक्रवातको अन्तर र गेमीले निम्त्याएको प्रभाव'लाई थप व्याख्या गरेका छन्।

वैज्ञानिकहरूले बाढी व्यवस्थापन र लक्षित चेतावनीका लागि आह्वान गर्दै आँधीको सम्भावित प्रभावको बारेमा थप जानकारी प्रदान गरेका छन्। चक्रवात सानसानले जापानमा अवतरण गरेपछि यो अध्ययन रिपोर्ट जारी गरिएको हो।

### सामाजिक सञ्जालको प्रयोग गरी गैंडाको सिङ बेच्न खोज्ने व्यक्ति पक्राउ

जकार्ता, १३ भदौ (रासस/एएफपी)।

हात्तीको दाँत र लोपोन्मुख गैंडाको सिङ सामाजिक सञ्जालमार्फत बिक्री गर्न खोज्ने एक व्यक्तिलाई इन्डोनेसियाली प्रशासनले पक्राउ गरेको छ।इन्डोनेसियाको वातावरण मन्त्रालयले बुधबार एक विज्ञप्ति जारी गर्दै पक्राउ परेका व्यक्ति दोषी ठहरिएमा १५ वर्षसम्मको जेल सजाय हुन सक्ने जनाएको छ। इन्डोनेसियामा वन्यजन्तुको अवैध व्यापार व्याप्त रहेको छ।

दक्षिण सुमात्रा प्रहरीले यसै वर्षको सुरुमा फेसबुकमा संरक्षित वन्यजन्तुका केही भाग बिक्रीका लागि प्रस्ताव गरेको पोस्ट देखेपछि अनुसन्धान सुरु गरेको थियो।दक्षिण सुमात्राको पालेम्बाङमा गैंडाको सिङ र हात्तीको दाँतबाट बनेको पाइप बिक्री गर्ने क्रममा गत साता 'जेडए अर्थात् जा' भनिने ६० वर्षीय एक व्यक्तिलाई पक्राउ गरिएको थियो।

उनको घरमा थप सात वटा गैंडाको सिङ र चारवटा हात्तीको दाँत फेला परेको प्रहरीले जनाएको छ। "उनी वन्यजन्तुको व्यापारमा निकै अनुभवी रहेको देखिन्छ," वातावरण मन्त्रालयले भनेको छ।सन् २०१८ देखि यता उजुङ कुलोन राष्ट्रिय निकुञ्जमा २६ वटा लोपोन्मुख जाभान गैंडा मारेको आशङ्कामा प्रहरीले गत जुनमा चोरी शिकारीको समूहलाई पक्राउ गरेको थियो।

कुनै समय दक्षिणपूर्वी एसियामा यिनीहरू हजारौंको सङ्ख्यामा थिए तर अनियन्त्रित चोरी सिकारी र तिनीहरूको वासस्थानमाथिको मानव अतिक्रमणले गर्दा धेरै प्रभावित भएका छन् र वातावरण मन्त्रालयले जङ्गलमा करिब ८० वटा मात्र जनावरहरू बाँकी रहेको बताएको छ। अन्तर्राष्ट्रिय प्रकृति संरक्षण सङ्घ (आइयुसिएन) ले सुमात्रान गैंडालाई पनि अति सङ्कटापन्न घोषणा गरेको छ भने ५० भन्दा कम गैंडा बाँकी रहेका छन्।

# मलंगवाबाट २७ लाख भन्दा बढी मुल्यको पटाका बरामद



**दैनिक समाचारदाता सर्लाही, १३ भदौ ।**
सर्लाही सदरमुकाम मलंगवाबाट सशस्त्र प्रहरीले २७ लाख भन्दा बढी मूल्यको पटाका बरामद गरेको छ ।

मलंगवा नगरपालिका ४ गणेशियास्थित चिम्नी नजिकको टहरामा लुकाइराखिएको पटाका बरामद गरिएको जनाइएको छ ।

सशस्त्र प्रहरी बल १० नम्बर गणका प्रहरी उपरीक्षक विनोदराज खनालले गणबाट खटिएको टोलीले गणेशियास्थित चौरमा जस्ताको टहरामा शंका लागेर चेक गर्दा ठूलो मात्रामा पटाका बरामद गरिएको जानकारी दिएका छन् ।

तिहारलाई लक्षित गरी तस्करहरूले पटाका भित्र्याएको हुन सक्ने उनले बताए । बरामद भएको पटाकामा नागिन, भुईंचम्पा, सुतली बम, रकेटलगायतका छन् । जसको बजार करिब मूल्य २७ लाख ७७ हजार रुपैयाँ रहेको प्रहरीको भनाइ छ ।

उनले बरामद भएको पटाका आवश्यक कानुनी प्रक्रिया गरी नष्ट गरिने जानकारी समेत दिए ।

# मधेस प्रदेश सरकारले दूधमती नदीको सीमा यकिन गरी उत्खनन् गर्ने

जनकपुर, १३ भदौ (रासस) ।
मधेस प्रदेश सरकारले धार्मिक महत्वको दूधमती नदीको प्राकृतिक बहाव क्षेत्र पहिचान गरी सीमा निर्धारण तथा उत्खनन् गर्ने भएको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहको अध्यक्षतामा नदीको अतिक्रमण हटाउने विषयमा बुधबार बसेको बैठकले धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ स्थित दूधमती नदीको उद्‌गमस्थलदेखि भारतीय सीमासम्मको २९ किलोमिटरसम्म नदी अतिक्रमण हटाउने निर्णय गरेको उहाँको सचिवालयले जनाएको छ ।

बैठकले विसं २०२४/२०२६ मा भएको नापीका आधारमा दुग्धमती नदीको सीमा यकिन गर्ने तथा यस कार्यका लागि आवश्यक प्राविधिक तयारी गर्न प्रदेशको ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयलाई जिम्मा दिइएको छ । विभिन्न धार्मिक ग्रन्थमा समेत पवित्र नदीका रूपमा वर्णन गरिएको यस नदीमा स्नान तथा पूजाआजाको लामो परम्परा रहेको छ । नदी उद्‌गमस्थलदेखि तीन-चार किलोमिटरसम्म पूर्ण र त्यसभन्दा दक्षिणतिर आंशिक अतिक्रमण रहेको ठहर गर्दै अतिक्रमणमुक्त दुग्धमतीको योजना कार्यान्वयन गर्ने विषयमा छलफल भएको थियो । त्यसक्रममा नदीको साविक सीमा यकिन गर्ने, उत्खनन् गर्ने र प्रदूषणमुक्त बनाउन प्रदेश सरकारले अग्रसरता लिने निर्णय भएको थियो । प्रदेश सरकारको सो अभियानमा अन्य सरोकारवालाको सहभागिता रहनेछ ।



बैठकमा ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, प्रदेशका प्रमुख सचिव लोकनाथ पौड्याल, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शितल साह, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, नेपाल प्रहरीका नायब महानिरीक्षक यज्ञविनोद पोखरेल, सशस्त्र प्रहरी बलका नायब महानिरीक्षक कालीदास धौवजी, सडक डिभिजन कार्यालय जनकपुरका डिभिजन प्रमुख दीपककुमार झा, धनुषाका प्रमुख मालपोत अधिकृत विष्णुप्रसाद सिटौला, धनुषाका नापी अधिकृत कामेश्वर राउतलगायत सहभागी हुनुहुन्थ्यो ।

बैठक लगत्तै मुख्यमन्त्री सिंहसहित बैठकका सहभागी नदीको उद्‌गमस्थल र नदी प्रणालीको अवलोकन तथा निरीक्षण गर्नुभएको थियो ।

# हुलाकी सडक निर्माणलाई गति दिन माग

काठमाडौँ, १३ भदौ (रासस) ।
राष्ट्रियसभाको बिहीबारको बैठकको आकस्मिक समयमा सांसद आनन्दप्रसाद ढुङ्गानाले हुलाकी सडकलाई तराई मधेसको लाइफलाइन मानिए पनि निर्माणमा भइरहेको ढिलाइप्रति गुनासो गर्नुभयो । उहाँले सो आयोजनामा देखिएको समस्या समाधान गरी तत्काल निर्माण कार्यमा गति दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद ढुङ्गानाले भन्नुभयो, "हुलाकी राजमार्ग बन्नुपर्छ, मधेसको विकास हुन्छ भनेर मत राख्दै आएको छु । सडक त बन्दैछ तर त्यहाँ निर्माणाधीन पुल समयमै बन्न सकेका छैनन् । अनशन गरेपछि मात्रै पूल बन्ने हो ?"

### चोरी शिकारीमा ...

गजुसिद्धि बज्राचार्यले जानकारी दिए ।

पक्राउ परेका सामानसहित सबैलाई इलाका प्रहरी कार्यालय कंचनपुरमा राखी डिभिजन वन कार्यालय सप्तरीको समन्वयमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

गत वर्ष सोही क्षेत्रबाट प्रहरीले चोरी शिकारीमा संलग्न एक जना चिकित्सकलाई पक्राउ गरी कारवाहीका लागि डिभिजन वन कार्यालय सप्तरीलाई बुझाएको थियो ।

# स्वास्थ्य बीमालाई पाँच लाख पुऱ्याउने : मन्त्री पौडेल

मोरङ, १३ भदौ (रासस) ।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमालाई रु पाँच लाख पुऱ्याउने बताउनुभएको छ ।

कोशी अस्पताल विराटनगर र विस्तारित सेवा प्रदान गर्ने भक्तपुर क्यान्सर अस्पतालबीच बिहीबार यहाँ सम्झौतापत्र हस्ताक्षर समारोहमा उहाँले सङ्घ, प्रदेश र स्थानीय पालिकाले स्वास्थ्य सेवामा दिने रकम रु ३१ अर्बलाई एकमुष्ट स्रोत सुनिश्चित गरी बीमालाई रु पाँच लाख पुऱ्याउने जानकारी दिनुभयो ।

मन्त्री पौडेलले मुलुकमा सुर्ती र मदिराबाट उठ्ने स्वास्थ्य करको ५० प्रतिशत रकम स्वास्थ्य बीमा बोर्डमा हाल्नुपर्ने भन्दै कोशी अस्पतालको सेवा व्यापक सुधारको खाँचो रहेकामा जोड दिनुभयो ।

उहाँले बिहीबार हस्ताक्षर र सम्झौताले अर्बुद रोग उपचारका लागि नागरिकलाई चितवन र भक्तपुरमा जानुपर्ने बाध्यतालाई केही हदसम्म अन्त्य हुने धारणा राख्नुभयो । मन्त्री पौडेलले भन्नुभयो, "जनताको स्वास्थ्यसँग कसैले पनि खेलबाड गर्नु हुँदैन, जनतालाई लोकतन्त्रको महसुस गराउन स्वास्थ्य सेवासुविधा सहज, सरलीकृत, गुणस्तरीय र निःशुल्क हुनुपर्छ, आफ्ना क्षमताले भ्याएसम्म जनताको उपचारमा लाग्नुपर्छ ।"

उहाँले कोशी अस्पतालको सेवा भद्रगोल भएकामा चिन्ता व्यक्त गर्दै जनताको सेवासुविधालाई मन्त्रालयले बनाएको नियम, कानुन र नीतिको पालन गर्न निर्देशन दिनुभयो । मन्त्री पौडेलले जनताको पहिलो आवश्यकता स्वास्थ्य सेवा हो भन्दै अस्पतालले नागरिकहरूलाई गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

मन्त्रालयका सचिव डा रोशन पोखरेलले कोशी अस्पताललाई मागी खाने भाँडो नबनाउन आग्रह गर्दै यसलाई सेवा दिने संस्थाको रूपमा कायम गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालका निर्देशक उज्ज्वल चालिसे र कोशी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रविनराज सिंहले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

हाललाई भक्तपुर क्यान्सर अस्पतालले कोशी अस्पतालमा प्रत्येक महिना छदेखि १० जना विशेषज्ञ चिकित्सकबाट सेवा प्रदान गर्ने भक्तपुर अस्पतालका निर्देशक चालिसेले जानकारी दिनुभयो । कोशी अस्पतालले विसं २०७२ देखि अर्बुद रोगको उपचार गर्दै आइरहेको छ ।

# जनप्रतिनिधि रिक्त रहेका स्थानीय तहको विवरण माग

काठमाडौँ, १३ भदौ (रासस) ।
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै जिल्ला समन्वय समितिलाई परिपत्र गर्दै जनप्रतिनिधि रिक्त रहेका स्थानीय तहको विवरण उपलब्ध गराउन आग्रह गरेको छ । भदौ १६ गतेभित्र विवरण उपलब्ध गराउन भनिएको छ ।

जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, नगरपालिका प्रमुख, उपप्रमुख तथा वडाध्यक्ष एवं गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा त्यस्तो पदमा बाँकी पदावधिका लागि उपनिर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन आयोगबाट सोको विवरण माग भएको भन्दै मन्त्रालयले यस्तो परिपत्र गरेको हो ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३ (२) बमोजिम निर्वाचन आयोगले उपनिर्वाचनको तयारी गरिरहेको छ । आयोगले यही भदौ ५ गते मन्त्रालयलाई पत्र पठाउँदै उपनिर्वाचन गर्नुपर्ने स्थानीय तहको विवरण माग गरेको थियो । आयोगको पत्रपछि मन्त्रालयले सबै जिल्ला समन्वय समितिलाई परिपत्र गरेर रिक्त रहेका पद, विसं २०७९ मा निर्वाचित पदाधिकारीको नाम, रिक्त भएको मिति, रिक्त हुनाको कारणलगायत विवरण पठाउन भनेको छ ।


जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको बीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*